# सान्नीत्रिवेणी गाउँपालिकाको
# विनियोजन ऐन, २०८३

प्रस्तुत मितिः २०८३/०३/०७
पारित मितिः २०८३/०३/०७


सान्नीत्रिवेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

मेहलमुडी, कालीकोट
कर्णाली प्रदेश, नेपाल


Scanned with CamScanner

## आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि स्थानीय सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

गाउँसभाबाट स्वीकृत मिति २०८३/०३/०७

प्रस्तावनाः आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि स्थानीय सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम सान्नीत्रिवेणी गाउँसभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सान्नीत्रिवेणी गाउँपालिकाको विनियोजन ऐन, २०८३" रहेको छ।

(२) यो ऐन संवत् २०८३ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०८३/८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०८३/८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू. ४४२६२५९४७ (अक्षरुपी चवालिस करोड छब्बिस लाख पच्चिस हजार नौ सय सत्चालिस रुपैयाँ मात्र) नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ। आ.व. २०८२/८३ को बैंक मौज्दात (अल्या) रकम गाउँसभाबाट अनुमोदन गरिनेछ।

३. विनियोजनः- (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ मा सान्नीत्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढि शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढि शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

Scanned with CamScanner

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शीर्षकहरूमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूची - १

(दफा २ सँग सम्वन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र. सं | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | २९५९१०९४७ | ११७६८५००० | | ४१३५९५९४७ |
| २ | | वडा समिति | ३६००००० | ६३००००० | | ९९००००० |
| ३ | | विषयगत शाखा | १८६३००००० | ५००००० | | १९१३००००० |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |
| जम्मा | | | ३१८१४०९४७ | १२४४८५००० | | ४४२६२५९४७ |